# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (१०), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, वैशाख २५ गते**
**२०८३ साल, सङ्ख्या २**

## भाग-२

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन (प्रथम संशोधन) कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०१।२४

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको क्षेत्रभित्र पर्ने विभिन्न बजारहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्न तथा सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८० मा भएका केही व्यवस्थाहरुलाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस नियमावलीको नाम **"सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन परिचालन (प्रथम संशोधन) कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि सूर्योदय नगरपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको बजार व्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

३. **मूल कार्यविधिको दफा २ मा संशोधन:** मूल कार्यविधिको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:

"(क) समिति भन्नाले दफा ३ बमोजिमको नगरस्तरीय बजार व्यवस्थापन समिति सम्झनुपर्दछ।"

४. **मूल कार्यविधिको परिच्छेद-२, दफा ३ मा संशोधन:** मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:

**"३. नगरस्तरीय बजार व्यवस्थापन समितिको गठनः**

सूर्योदय नगरपालिकाभरिका स्थानीय बजारहरूको व्यवस्थापन, अनुगमन र समन्वय गर्नका लागि नगरपालिका स्तरमा देहाय बमोजिमको एक 'नगरस्तरीय बजार व्यवस्थापन समिति' रहनेछ:

- नगर उप-प्रमुख -संयोजक
- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- नगर प्रमुखले तोकेका ३ जना वडा अध्यक्षहरू -सदस्य
- अध्यक्ष वा प्रतिनिधि, सूर्योदय उद्योग वाणिज्य संघ -सदस्य
- प्रमुख वा प्रतिनिधि, इलाका प्रहरी कार्यालय -सदस्य
- प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय (तोकिए बमोजिम) -सदस्य
- संयोजकले तोकेको स्थानीय व्यक्तिहरुबाट महिला १ सहित २ जना - सदस्य
- बजार व्यवस्थापन/अनुगमन हेर्ने सम्बन्धित शाखाको प्रमुख -सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार उपभोक्ता अधिकारकर्मी, विषयगत विज्ञ वा सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बैठकमा बोलाउन सक्नेछ।"

५. **मूल कार्यविधिको दफा ४ मा संशोधन:** मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:

"**४. नगरस्तरीय बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

(१) नगरस्तरीय बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

- वडा तथा स्थानीय स्तरमा गठन भएका बजार व्यवस्थापन समितिहरूबीच आवश्यक समन्वय र सहजीकरण गर्ने।

- सिङ्गो नगरपालिका क्षेत्रभित्रको बजार अनुगमन, व्यवस्थापन र मूल्य नियन्त्रणका लागि आवश्यक नीति, कार्ययोजना तथा मापदण्ड तयार गरी कार्यपालिकामा पेश गर्ने ।
- चाडपर्व वा विशेष अवस्थामा नगरपालिका स्तरबाट 'विशेष बजार अनुगमन टोली' गठन गरी परिचालन गर्ने।
- स्थानीय बजार व्यवस्थापन समितिले समाधान गर्न नसकेका विवाद वा समस्याहरू नगर स्तरमा छलफल गरी समाधान गर्ने ।
- कालोबजारी, कृत्रिम अभाव, कार्टेलिङ वा अस्वस्थ प्रतिस्पर्धा जस्ता गम्भीर प्रकृतिका व्यापारिक कसुरहरू भेटिएमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।
- नगरभित्रका थोक विक्रेता, आपूर्ति श्रृङ्खला र ठूला प्रकृतिका व्यवसायहरूको प्रत्यक्ष अनुगमन तथा नियमन गर्ने ।
- बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षणको विषयमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- बजार क्षेत्रको सरसफाइ र फोहोरमैलाको उचित व्यवस्थापन गर्न आवश्यक मापदण्ड बनाई लागू गर्ने । (विशेषगरी बधशाला, मासु पसल, तरकारी बजार र सार्वजनिक शौचालयको सरसफाइमा कडाइ गर्ने) ।
- सडकपेटी (फुटपाथ) अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, ठेलागाडा राख्ने वा सामान फिँजाउने कार्यलाई पूर्ण रूपमा निषेध तथा नियन्त्रण गरी पैदल यात्रुको आवागमन सहज बनाउने ।
- बजार क्षेत्रभित्र हुने अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्न ट्राफिक प्रहरीसँग समन्वय गर्ने र जथाभावी मालसामान लोड-अनलोड गर्ने समय निर्धारण गर्ने ।

- जथाभावी राखिएका होर्डिङ बोर्ड, ब्यानर, र अव्यवस्थित तारहरू हटाई बजारलाई सफा र सुन्दर बनाउन आवश्यक कदम चाल्ने ।
- बजार क्षेत्रमा हुने अवाञ्छित गतिविधि, होहल्ला, र अन्य सामाजिक विकृतिहरू नियन्त्रण गर्न सुरक्षा निकाय र स्थानीय टोल विकास समितिसँग समन्वय गर्ने ।
- नगरक्षेत्रभित्रका हाट बजारका लागि उपयुक्त स्थान पहिचान, बजार सौन्दर्यकरण र हाट बजार व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने ।"

६. **मूल कार्यविधिको परिच्छेद-२ मा दफा ५ र दफा ६ थप:** मूल कार्यविधिको दफा ४ पछि देहायका दफा ५ र ६ थपिएका छन्:

**"५. वडास्तरीय बजार व्यवस्थापन समितिको गठन:**

प्रत्येक वडाभित्रका सम्पूर्ण बजार क्षेत्रको अनुगमन, व्यवस्थापन र समन्वय गर्न वडास्तरमा देहाय बमोजिमको एक समिति रहनेछ:

- वडा अध्यक्ष — संयोजक
- वडा समितिले तोकेका २ जना वडा सदस्य (कम्तीमा १ महिला) — सदस्य
- संयोजकले तोकेको वडाभित्रको बजारका प्रतिनिधि (३ जना) — सदस्य
- स्थानीय प्रहरी चौकी/विटको प्रमुख वा प्रतिनिधि — सदस्य
- बजार भएको टोल विकास संस्थाको संयोजक — सदस्य
- वडा सचिव — सदस्य सचिव

७. **वडास्तरीय बजार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** दफा ५ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

- वडाभित्रका सबै पसल, होटल, मासु पसल, र किराना पसलहरूमा मूल्यसूची राखे/नराखेको, म्याद गुज्रेका सामान

बेचे/नबेचेको र नापतौल सही भए/नभएको नियमित अनुगमन गर्ने ।

- वडाभित्रका बजार क्षेत्रमा जथाभावी फोहोर फाल्ने, ढल थुन्ने वा सडकमै फोहोर पानी बगाउने प्रवृत्तिलाई पूर्ण रूपमा रोक लगाउने र प्रत्येक पसलमा डस्टबिन राख्न अनिवार्य गर्ने ।
- पसलको सामान सडकपेटीसम्म निकालेर राख्ने, जथाभावी ठेलागाडा राख्ने र बाटो अवरोध गर्ने कार्यलाई नियन्त्रण गरी पैदलयात्रुलाई सहज बनाउने ।
- वडाभित्रको बजारमा हुने अटो, मोटरसाइकल र अन्य सवारीसाधनको अव्यवस्थित पार्किङलाई तोकिएको स्थानमा मात्र राख्ने व्यवस्था मिलाउने ।
- उपभोक्ता र व्यापारी वा व्यापारी-व्यापारीबीच वडाभित्र कुनै विवाद उत्पन्न भएमा त्यसको वडास्तरमै सहजीकरण गरी समाधान गर्ने ।
- वडास्तरबाट समाधान हुन नसक्ने ठूला कालोबजारी, अखाद्य वस्तुको बिक्री वा गम्भीर प्रकृतिका समस्या देखिएमा नगरस्तरीय बजार व्यवस्थापन समिति वा सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गर्ने ।
- बजार क्षेत्रलाई सफा र उज्यालो बनाउन सडक बत्तीको व्यवस्थापन गर्ने, अव्यवस्थित तार र बोर्डहरू हटाउन लगाउने तथा उपभोक्ता अधिकारबारे सचेतना जगाउने ।"

८. **मूल कार्यविधिको परिच्छेद-३ को नाम संशोधन:** मूल कार्यविधिको परिच्छेद-३ को नाम "विविध" को सट्टा "उद्योग / फर्म / पसल / व्यवसाय दर्ता, नविकरण, तथा आपूर्ति व्यवस्थापन" राखिएको छ।

९. **मूल कार्यविधिको परिच्छेद-३ मा नयाँ दफाहरू थप:** परिच्छेद-३ मा देहायका दफा ७ देखि १५ सम्म थपिएका छन्:

"**७. दर्ता सम्वन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्र भित्रबिक्री गर्ने उदेश्य राखेका कुनै प्रकारका वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, संकलनकर्ता समेतका प्रदायक वा बिक्रेताले नगरपालिका क्षेत्र भित्र आफ्नो कारोवार सञ्चालन गर्दा नगरपालिकाको स्वीकृति र दर्ता बिना कारोबार सञ्चालन गर्न हुदैन ।

(२) नगरपालिकामा दर्ताका लागि आवेदन फारम भर्नु पर्नेछ ।

(३) बिक्रेताले आफुले सञ्चालन गर्ने कारोवारको प्रचलित संघ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाण समेत आवेदनका साथ पेश गर्नुपर्नेछ । (४) यसरी पेस भएको फाराम उपर सम्बन्धित अधिकारीले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । दर्ता गर्न नमिल्ने भए सोको स्पष्ट कारण सहित जानकारी गराउनु पर्नेछ।

**८. दर्ता नवीकरण :** (१) नगरपालिबाट दर्ता गरिएका उद्योग/फर्म, पसल, कारोवार / व्यवसायहरू तोकिएको वर्गिकरण बमोजिम तोकिएको शुल्क बुझाइ दर्ता नविकरण गरेको हुनुपर्नेछ ।

**९. बिक्री वितरण स्थल सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा स्वीकृत प्राप्त गरेको स्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न हुँदैन ।

(२) सामान्यतया सामानको अवस्था त्यसले पार्ने वातवरणीय प्रभाव, ट्राफिक व्यवस्थापन, फोहरमैला उत्पादन, विष विषादीजन्य जस्ता विषयलाई मध्यनजर गरी खास प्रकारका मालसामान वस्तु वा सेवा कस्ता ठाउँमा राखेर बिक्री वितरण गर्न पाईने भन्ने विषय तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको स्थल बाहेक अन्यन्त्र सेवा सञ्चालन तथा वस्तुको बिक्री गरेमा त्यस्तो वस्तु वा सेवाको बिक्री कारोबार नगरपालिकाले रोक्का गर्न सक्नेछ ।

**१०. स्थान र समय निर्धारण गर्न सक्नेः** (१) नगरपालिकाले कुनै वस्तुका बिक्री वितरण वा सेवाका सञ्चालनका लागि कुनै स्थान र समय निर्धारण गर्न सक्नेछ ।

स्थान निर्धारण गर्दा सम्भव भएसम्म एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्न अनुमति दिनुपर्नेछ।

(२) स्थान र समय निर्धारण गर्दा नगरपालिकाबाट विज्ञहरूको एक समिति गठन गरीसो समितिको प्रतिवेदनका आधारमा निर्धारण गर्नुपर्नेछ। (३) स्थान र समय निर्धारण गर्दा विद्युत, पिउनेपानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रवन्ध, बाटो घाटो, ट्राफिक व्यवस्थापन समेतलाई ध्यानदिनु पर्नेछ।

**११. स्थान उपलब्ध गराउन सक्ने:** (१) कुनै वस्तु वा सेवा सञ्चालनका लागि नगरपालिकाले तोकिए बमोजिम सर्त निर्धारण गरी नगरक्षेत्र भित्र आवश्यकतानुसार सेवा सञ्चालन वा बिक्रीकक्ष सञ्चालनका लागि स्थान उपलब्ध गराउन सक्नेछ।

(२) नगरपालिकाले उपलब्ध गराएको स्थानलाई सम्बन्धित विक्रेता आफैले प्रयोग गर्न बाहेक नगरपालिकाको स्वीकृति बेगर अरु कसैलाई सञ्चालन गर्न दिन वा लिजमा दिन हुदैन।

(३) तोकिएको सर्त पुरा नगरेको पाइएमा नगरपालिकाले स्थान खाली गराई अर्को विक्रेतालाई उपलब्ध गराउनु पर्नेछ।

**१२. वातावरण सफा र स्वच्छ राख्नुपर्ने :** (१) नगरपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवाविक्रेताले नगरपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्नु हुँदैन।

(२) आफ्नो अगाडीको सडक बाटो सफा राखे र आफुले निकालेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायक वा विक्रेताको कर्तव्य हुनेछ।

(३) कसैले फोहर गरी वातावरण विगार्ने कुनै गतिविधि सञ्चालन गरे नगरपालिकाले जरिवाना गरी क्षतिपूर्ति असुल गर्नुपर्नेछ।

**१३. उद्योग/फर्म/पसल / व्यवसाय सञ्चालनमा प्रतिवन्ध :** (१) देहाय अनुसारका पसल, उद्योग, फर्म सञ्चालन गर्न अनुमति दिन हुदैन।

- मन्दिरको आसपास १०० मिटर भित्र माछा मासु, मदिरा पसल राख दिइनु हुँदैन ।

- अस्पतालको ५०० मिटर आसपासमा मदिरा पसल, गृल उद्योग, फर्निचर उद्योग समेतका ठूलो आवाज आउने व्यवसाय सञ्चालन गर्नु हुदैन।
- विद्यालयको ३०० मिटर आसपासमा मदिरा पसल, धुम्रपान, मदिरा, गुल उद्योग, ठूलो आवाज आउने उद्योग व्यवसाय सञ्चालन गर्नु हुँदैन।
- खुला रुपमा पशुपन्छीको बधशाला सञ्चालन गर्नु हुँदैन।
- सार्वजनिक सडक पेटी बाटो ओगटेर पसल सञ्चालन गर्नु हुँदैन।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सकिने**: (१) दैनिकउपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि नगरपालिकाले सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ।

**१५. दर्ता खारेजी :** (१) देहायको अवस्थामा नगरपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायक वा विक्रेताको दर्ता खारेज गरी सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ।

- लगातार ३ वर्ष सम्म नविकरण नगरेमा
- दर्ता गरिए अनुसार काम नगरेमा
- यस ऐन तथा नियमको उल्लङ्घन गरेकोमा पटक पटक सचेत गराउदा समेत सुधार नभएको पाइएमा
- स्वीकृति वेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा

(२) दर्ता खारेजी गर्नु अघि पर्याप्त सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ।"

**१०.मूल कार्यविधिमा परिच्छेद-४ थप:** मूल कार्यविधिमा देहाय बमोजिमको परिच्छेद-४ थप गरिएको छ:

**"परिच्छेद- ४**

**विविध**

**१६. विविधः** (१) यस कार्यविधिको समयसापेक्ष कार्यान्वयनका लागि नगर कार्यपालिका यस कार्यविधिलाई आवश्यक संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(३) यस कार्यविधिमा व्यवस्था भएको प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत बदर हुनेछ।"

आज्ञाले

विज्ञान कोइराला

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत